प्रदेश सभाको बैठकमा २०७६ साल जेठ २ गतेको दिन

# माननीय आर्थिक मामिला तथा योजना मन्त्री झपट बहादुर वोहराले प्रस्तुत गर्नुभएको

## आर्थिक वर्ष २०७६/०७७ को विनियोजन विधेयकको

## सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति (कर प्रस्ताव बाहेक)


प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

आर्थिक मामिला तथा योजना मन्त्रालय

धनगढी, कैलाली

**माननीय सभामुख महोदय,**

१. महान शहीदहरुको शहादतबाट प्राप्त जनमुखी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थाको सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ तथा प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (२) को कानूनी व्यवस्था अनुरूप, विनियोजन विधेयक, २०७६ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु (कर प्रस्ताव बाहेक) यस गरिमामय सदन समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२. मुलुकमा संघीयताको कार्यान्वयन भएसँगै सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै आम जनताले प्रत्यक्ष रुपमा अनुभूति गर्ने गरी लोकतन्त्रको लाभ जनताको घरदैलोमा पुर्याउने ऐतिहासिक अवसर हामी जनप्रतिनिधिहरुवीच प्राप्त भएको छ।यस सु-अवसरबाट नागरिकले यथेष्ठ लाभ उठाउन सक्ने गरी काम गर्न हामी सबै प्रतिबद्ध हुनुपर्ने आजको टड्कारो आवश्यकता रहेको छ।

३. प्रदेश सरकारको संस्थागत संरचना, मानव संसाधन व्यवस्थापन र वित्तीय स्रोत साधनको समुचित परिचालन गरी जनताको विकासप्रतिको तीव्र चाहना र प्रदेशको सीमित स्रोत साधनको उपलब्धता बीच तादम्यता कायम गर्दै विनियोजन कार्यकुशलता अभिवृद्धि गरिनेछ ।

४. विनियोजन विधेयक, २०७६ को सिद्धान्त र प्राथमिकता निर्धारण गर्दा हाम्रो मुलुकले अंगिकार गरेको खुला अर्थनीति, समावेशीता र नेपालको संविधानमा उल्लेखित समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकासलाई मार्गदर्शनको रुपमा लिएकोछु। साथै, विगतको निर्वाचन मार्फत जनअनुमोदित चुनावी प्रतिवद्धतालाई पनि विनियोजन विधेयक, २०७६ को सिद्धान्त तथा प्राथमिकता तय गर्दा आधारको रुपमा लिएको छु।

**माननीय सभामुख महोदय,**

अब म आर्थिक वर्ष २०७६/०७७ को बजेटका सिद्धान्तहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु,

५. नेपालको संविधानमा उल्लेखित मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्ने दिशामा आगामी आर्थिक वर्षको बजेट निर्देशित हुनेछ ।

६. प्रदेशमा सबल र सक्षम अर्थतन्त्रको आधारशीला स्थापना गर्नको लागि बजेट निर्माण गर्दा संविधानले व्यवस्था गरेका राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूको परिपालना गरिनेछ ।

७. खुला, स्वस्थ र प्रतिस्पर्धी बजार अर्थतन्त्रको सुदृढीकरणबाट उत्पादन, उत्पादकत्व, उद्यमशीलता र प्रविधिलाई प्रोत्साहन गर्दै स्वतन्त्र, समृद्ध र सबल अर्थतन्त्र निर्माण गरिनेछ। निजी क्षेत्रलाई सामाजिक जिम्मेवारी सहितको आर्थिक वृद्धिको साझेदारको रूपमा अगाडि बढाइनेछ ।

८. सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास तथा प्राप्त प्रतिफलको न्यायोचित वितरण गरी समतामूलक समाज निर्माण गर्ने सिद्धान्त अवलम्बन गरिनेछ । यसबाट समृद्ध, स्वाधीन एवम् समाजवादउन्मुख अर्थतन्त्र निर्माणको आधार तयार गरिने छ ।

९. सुशासन प्रवर्द्धन गर्न सरकारी तथा गैरसरकारी क्षेत्रका सबै क्रियाकलापलाई भ्रष्टाचारमुक्त, पारदर्शी, जवाफदेही र उत्तरदायी बनाई सेवा र सुविधाहरूको गुणस्तर सुनिश्चित गरिनेछ । साथै बजेट प्रणालीलाई सुदृढ बनाउँदै वित्तीय अनुशासन कायम गरिनेछ ।

१०. प्रदेशमा उपलब्ध वित्तीय तथा प्राकृतिक श्रोत र साधनको कुशलतापूर्वक उपयोग गरी विकासको प्रतिफल वितरणमा समन्यायको सिद्धान्त अनुरूप विकास निर्माणका क्रियाकलाप र अवसरहरुमा समानुपातिक र समावेशीताको सिद्धान्त अवलम्बन गरिनेछ ।

११. प्रदेशलाई प्राप्त राजस्व परिचालनको अधिकारको अधिकतम सदुपयोग गरी प्रदेशको आयमा आन्तरिक राजस्वको आकार बढाउन करका स्थापित सिद्धान्तहरुलाई अवलम्बन गरिनेछ। कर नीतिलाई मैत्रीपूर्ण बनाई कर संकलन गरिनेछ ।

१२. आम प्रदेशवासीलाई आफ्नो ज्ञान, सीप, दक्षता र क्षमताको समुचित उपयोग गर्ने गरी आर्थिक क्रियालापमा संलग्न हुने वातावरण निर्माण गर्दै प्रदेशमा उद्यमशीलता विकासको लागि लगानीमैत्री वातावरण तयार गरिनेछ ।

१३. उपलब्ध न्यून श्रोत र साधनबाट अधिकतम प्रतिफल हासिल गर्नुपर्ने अवस्थामा प्राथमिकताको आधारमा कार्यक्रम तथा आयोजना छनौट गर्ने सिद्धान्त अवलम्बन गरिनेछ ।

१४. आगामी आर्थिक वर्ष २०७६/०७७ को वार्षिक विकास कार्यक्रम निर्माण गर्दा बजेटका मूल्य-मान्यता, सिद्धान्त, विधि-प्रक्रिया अनुशरण गर्दै योजना छनौटको मापदण्ड निर्माण गरी लागु गरिनेछ ।

१५. बजेट तर्जुमा गर्दा नेपाल सरकारको वित्त नीति, नेपाल राष्ट्र बैंकले जारी गर्ने मौद्रिक नीति, प्रदेश सरकारको नीति तथा कार्यक्रम र स्थानीय तहका आवश्यकता समेतलाई ध्यानमा राखी समन्वय र सहकारिताको सिद्धान्त अवलम्बन गरिनेछ ।

**माननीय सभामुख महोदय,**

१६.अब म आर्थिक वर्ष २०७६/०७७ को बजेटको उद्देश्यहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु,

(क) समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्ने,

(ख) कृषिमा आत्मनिर्भरता हासिल गर्ने,

(ग) उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,

(घ) दिगो आर्थिक विकास गर्ने,

(ङ) पिछडिएको वर्गलाई सामाजिक न्याय सहितको सुरक्षा प्रदान गर्ने,

(च) प्रदेशका नागरिकलाई सुशासनको प्रत्याभूति गराउने,

(छ) प्रदेशका नागरिकलाई स्वआर्जनतर्फ उन्मुख गराई बेरोजगारी अन्त्य गर्ने,

(ज) निर्यातलाई प्रोत्साहन गर्दै आयात प्रतिस्थापन गर्ने,

(झ) समग्र आर्थिक स्थायित्व कायम गर्ने र

(ञ) उच्च शिक्षालाई प्राथमिकता दिने ।

**माननीय सभामुख महोदय,**

अब म कर प्रस्ताव बाहेकको आर्थिक वर्ष २०७६/०७७ को बजेटका प्राथमिकताहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु,

१७. गरिवीबाट आक्रान्त नागरिकलाई तत्काल राहत पुग्ने गरी गरिवी न्यूनीकरण लक्षित कार्यक्रमलाई प्रमुख प्राथमिकतामा राखिनेछ ।

१८. स्थानीय स्रोत, सीप र साधनमा आधारित रोजगारी तथा स्वरोजगारी मार्फत आयआर्जन वृद्धि गर्ने क्रियाकलापहरुलाई प्राथमिकता दिई प्रोत्साहन गरिनेछ ।

१९. यातायात, संचार, खानेपानी र विद्युतीकरण लगायतका आधारभूत विकासको पहुँच प्रदेशको सबै क्षेत्रमा पुऱ्याउने कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

२०. शिक्षा, स्वास्थ्य, मानव विकास लगायतका सूचकांकमा पछाडि परेका बाजुरा,बझाङ्ग, दार्चुला र अछाम जिल्लाहरुमा संचालन हुने कार्यक्रमहरुलाई प्राथमिकताकासाथ बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ । उक्त जिल्लाहरुमा रहेका छाउपडी प्रथा, जातीय छुवाछुत लगायतका सामाजिक कुरीतिहरु विरुद्ध लड्न विशेष कार्यक्रम सहित अभियान संचालन गरिनेछ।

२१. संविधान प्रदत्त मौलिक हकको कार्यान्वयन गर्ने नीति तथा कार्यक्रमहरुलाई उच्च प्राथमिकताका साथ लागु गरिनेछ।

२२. संविधानको मार्गदर्शन र संघीय सरकारले लिएका राष्ट्रिय विकासका लक्षहरु हासिल गर्ने क्रममा संघीय सरकार तथा स्थानीय तहको साझेदारीमा संचालन गरिने पूर्वाधार विकास र सेवा प्रवाहसँग सम्बन्धित कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ।

२३. प्रदेशको विकास निर्माण र सेवा प्रवाहलाई जवाफदेही, उत्तरदायी एवं पारदर्शी बनाउँदै प्रविधिको प्रयोग मार्फत सूचना र सेवा प्रवाहलाई सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउने कार्यक्रम संचालन गरिनेछ।

**माननीय सभामुख महोदय,**

अब म आर्थिक वर्ष २०७६/०७७ को बजेट विनियोजनको लागि अवलम्बन गरिने प्रमुख नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु,

२४. प्रदेशमा रहेका गरिव नागरिकहरु र गरिव घरपरिवार पहिचान गरी गरिवीसंग सम्बन्धित सूचना तथा तथ्यांकहरुलाई अद्यावधिक गरी तिनीहरुलाई सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ ।

२५. जनताहरुसंग रहेको ज्ञान, स्थानीय सीप र क्षमता पहिचान गरी तिनीहरुको आधारभूत आवश्यकताको उपलब्धता र आवश्यकता बीचको अन्तर पहिचान गरी स्वरोजगार बनाइनेछ।

२६. जनतालाई आर्थिक क्रियाकलापमा आवद्ध गराउने गरी आयआर्जन बढाउने र सामाजिक परिचालन मार्फत सशक्तीकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

२७. प्रदेश सरकारले कार्यक्रमहरु संचालन गर्दा संघीय सरकारले यस प्रदेशमा संचालन गरेका गरिवी निवारणसंग सम्बन्धित कार्यक्रमहरुको परिपूरक हुनेगरी संचालन गर्नेछ ।

२८. संघीय सरकार र स्थानीय तह सहितको साझेदारी र विकास साझेदारहरु समेतको संलग्नतामा संचालित पोषण कार्यक्रमहरुलाई सहयोग पुग्ने गरी प्रदेश सरकारले कार्यक्रम संचालन गर्नेछ ।

२९. निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गरी आत्मनिर्भर हुने नीति अवलम्बन गरिनेछ ।

३०. प्रदेश सरकारको अधिकारमा रहेका सडक संजालको आवश्यकता पहिचान गरी आवश्यक मर्मत सम्भार, नयाँ लोकमार्गहरुको निर्माण र नियमित संचालन हुनसक्ने गरी यातायातलाई भौतिक पूर्वाधारको प्रमुख मेरुदण्डको रूपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

३१. संचार पूर्वाधारको समुचित निमार्ण मार्फत सूचना प्रवाह, सशक्तीकरण र सेवा प्रवाहसंग जनतालाई आवद्ध गरी आधुनिक प्रविधिको प्रयोग र पहुँच विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।

३२. यस प्रदेशमा रहेको जलविद्युतको प्रचुर सम्भाव्यताको अधिकतम लाभ लिनको लागि राष्ट्रियस्तरका ठुला परियोजना निर्माणको लागि संघीय सरकारसंग आवश्यक समन्वय गरिनेछ । जलविद्युत उत्पादन, प्रसारण र वितरण मार्फत सबै जनताको ऊर्जामा पहुँच पुर्‍याउने नीति लिइनेछ ।

३३. वैकल्पिक ऊर्जा र लघु-जलविद्युतका कार्यक्रम मार्फत ग्रामीण विद्युतीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

३४. आम प्रदेशवासीलाई स्वच्छ खानेपानी तथा सरसफाईको सुविधा उपलब्ध गराउनेतर्फ उच्च प्राथमिकताका दिइनेछ ।

३५. खेतीयोग्य भूमिमा उत्पादकत्व वृद्धि गर्न साना सिंचाई, सतह सिंचाई, डिप ट्युवेल र मध्यम खालका सिंचाई प्रणालीको विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

३६. वर्षेनी बाढीपहिरोको कारणले खेतीयोग्य भूमि र मानव वस्ती कटानबाट हुने आकस्मिक क्षती न्यूनीकरण गर्ने दीर्घकालीन सोच सहित नदी नियन्त्रण तथा तटबन्द कार्यक्रम संचालन गरिनेछ ।

३७. प्रदेशको उच्च आर्थिक विकासको लागि प्रदेश प्राथमिकताका आयोजनाहरूलाई श्रोत सुनिश्चित गरिनेछ।

३८. प्रदेशका सबै जिल्लाहरूको सन्तुलित विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

३९. सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणका लागि सरोकारवालाहरूको सहभागितामा आधारित निरीक्षण तथा अनुगमन गर्ने पद्धति विकास गरिनेछ ।

४०. बञ्चितीकरणमा परेका वर्ग र क्षेत्रका जनताहरूलाई विकासको प्रतिफल वितरणमा प्राथमिकता दिने नीति अवलम्वन गरिनेछ ।

४१. व्याप्त सामाजिक, जातीय, लैगिक विभेदको अन्त्य गरी समतामूलक र समन्यायिक समाजको विकास हुने गरी बजेट विनियोजन गरिनेछ ।

४२. प्रदेश विकासको मेरुदण्डको रूपमा रहेको धार्मिक, सांस्कृतिक, पुरातात्विक पर्यटकीय पूर्वाधारहरूको विकास तथा प्रबर्द्धन गर्ने तर्फ बजेट केन्द्रित रहनेछ ।

४३. सबै स्थानीय तहमा बैंक तथा वीमा कम्पनीको शाखा स्थापना गरी वित्तीय पहुँच तथा वित्तीय सचेतना बढाउने नीति अवलम्बन गरिनेछ।

४४. प्रदेशमा निरक्षरता उन्मूलन गरी साक्षर प्रदेश निर्माण गर्न तय गरिएको कार्यक्रमहरूलाई निरन्तरता दिंदै गुणस्तरीय तथा व्यावसायिक शिक्षाको विकास गरिनेछ ।

४५. आधारभूत र आकस्मिक स्वास्थ्य सेवामा आम नागरिकको पहुँच स्थापित गर्दै सबै तहहरूमा आधुनिक स्वास्थ्य सेवाको विकास गर्ने नीति लिइनेछ ।

४६. आम नागरिकलाई स्वच्छ तथा सफा वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्न सबै किसिमका विकासका क्रियाकलापहरू वातावरण मैत्री हुने व्यवस्था गरिनेछ ।

४७. आर्थिक विकास तथा रोजगारीको प्रमुख आधारको रूपमा रहेको औद्योगिकीकरणका लागि आवश्यक पूर्वाधार विकास गर्न बजेट केन्द्रित गरिनेछ ।

४८. जल, जंगल, जडिबुटीको वैज्ञानिक र दिगो विकास साथ व्यवस्थापन गर्ने नीति लिइनेछ ।

४९. प्रदेशमा शान्ति सुरक्षा कायम गर्दै अपराधमुक्त समाजको विकास गर्ने नीति लिइनेछ ।

५०. सार्वजनिक सूचना प्रवाहलाई छिटो, छरितो र पारदर्शी बनाउन सूचना प्रविधिमैत्री प्रशासनको विकास गरिनेछ ।

५१. विकासका कार्यक्रमहरूमा महिलाहरूको सहभागिता सुनिश्चितता हुने गरी कार्यक्रम तय गरिनेछ ।

५२. सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक समन्वय गरिनेछ । सीमान्तकृत वर्ग र समुदायको लागि आर्थिक सुरक्षाको व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ ।

५३. श्रम तथा रोजगारीका अवसरहरू सिर्जना गर्नका लागि आवश्यक नीतिगत तयारी गरी असल श्रम सम्बन्ध स्थापित गर्ने कार्यदिशा तय गरिनेछ । बेरोजगारीको अन्त्य गर्न प्राविधिक सीपयुक्त जनशक्ति तयार गरी लघु उद्यमको माध्यमबाट स्वरोजगार वृद्धि गर्न बजेट विनियोजन गरिनेछ ।

५४. उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्यक्रमलाई प्रथामिकता प्रदान गरी रोजगारीका अवसर सिर्जना गर्ने, आयात प्रतिस्थापन गर्ने, निर्यात प्रवर्द्धन गर्ने उद्योग, लघु तथा घरेलु एवं कुटीर उद्योगको स्थापना र विस्तार गर्दै जाने नीति अवलम्बन गरिनेछ ।

५५. कृषिमा आधारित ग्रामीण उद्योगको स्थापना तथा संचालन गर्दै कृषिमा आत्मानिर्भरताको नीति अवलम्बन गरिनेछ।

**माननीय सभामुख महोदय,**

५६. प्रदेशवासीको आवश्यकता र साधनको उपलब्धताको आधारमा प्राथमिकीकरण गरिएका माथिका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूको परिधिभित्र रही आगामी आर्थिक वर्षको बजेट तयार गरिने कुरामा माननीय सांसदज्यूहरूलाई विश्वस्त तुल्याउन चाहन्छु । माननीय सांसदज्यूहरूबाट आर्थिक वर्ष २०७६/०७७ को विनियोजन विधेयकका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू (कर प्रस्ताव बाहेक) को प्रस्ताव माथि बृहत् छलफल गरी रचनात्मक सुझाव दिनु हुनेछ भन्ने कुरामा म विश्वस्त छु । ती सुझावहरू र निकट भविष्यमा जारी हुने प्रदेश सरकारको नीति तथा कार्यक्रम आगामी आर्थिक वर्ष २०७६/०७७ को बजेट निर्माणको सन्दर्भमा मार्गदर्शनको रूपमा रहने व्यहोरा गरिमामय सभा समक्ष अनुरोध गर्दछु ।साथै यस विनियोजन विधेयकको सिद्धान्त र प्रथामिकतामा आफ्नो अमुल्य राय सुझाव प्रदान गरी सहयोग गर्ने प्रदेश सभाका सम्पूर्ण माननीय सांसदज्यूहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**माननीय सभामुख महोदय,**

माननीय सभामुखज्यूबाट आर्थिक वर्ष २०७६/०७७ को विनियोजन विधेयकका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू (कर प्रस्ताव बाहेक) सम्मानित सभा समक्ष प्रस्तुत गर्नको लागि विशेष समय प्रदान गरिएकोमा माननीय सभामुखज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

माननीय सांसदज्यूहरुले यस सम्बन्धमा घनिभूत छलफल गरी आगामी आर्थिक वर्षको बजेट निर्माणमा रचनात्मक सुझाव दिनु हुनेछ भन्नेमा म विश्वस्त छु ।माननीय सांसदज्यूहरुबाट प्राप्त हुने सुझावलाई आर्थिक वर्ष २०७६/०७७ को बजेट निर्माण गर्दा मार्गदर्शनको रुपमा लिने प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु ।

**धन्यवाद ।**